बैठक संख्या : ०८२/०८३/८

आज मिति २०८२/०९/०७ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.३० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४ | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | Mangal |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | अनुपस्थित |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | अनुपस्थित |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | प्र.प्र.अ. | |
| १९. | श्री सन्तोष रावत | ले.अ. | |
| २०. | श्री देली खरा आले | का.स. | Dasi |
| | | | |
| | | | |

# कार्यपालिकाको आठौं बैठकको प्रस्ताव तथा निर्णयहरु:-

मिति २०८२/०९/०७

प्रस्तावहरु:-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
२. बजेट संशोधन रकमान्तर सम्बन्धमा।
३. नदिजन्य पदार्थको IEE पारित सम्बन्धमा
४. राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा।
५. गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्वन्धमा।
६. सीपमूलक तालिममा साझेदारी सम्वन्धमा।
७. जग्गा प्राप्ति सम्बन्धमा।

निर्णयहरु:-

१. गाउँकार्यपालिकाको यस अघिको बैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा बैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. गाउँसभाको १८ औं अधिवेशनमा पशे गर्नुपर्ने यस आ.व.को बजेट कार्यक्रम योजना थपघट संशोधन गर्नुपर्ने भएमा वडा समितिको निर्णय सहित अर्को कार्यपालिका बैठकमा पशे गर्नुपर्ने सर्वसम्मतिले निर्णय गरियो।

३. माथागढी गाउँपालिका भित्रका विभिन्न स्थानका घाटहरुमा गरिएको IEE प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन ठेकेदार कम्पनी परिवेस एडभेन्चर प्रा.लि कालिकानगर, बुटवलका ईन्जिनियरद्वारा बैठकमा पेश गरियो। सो प्रतिवेदनमा छलफल गरी सर्वसम्मतिले पारित निर्णय गरियो। IEE प्रतिवेदन बमोजिम नदिजन्य पधार्थ बिक्री गर्ने प्रयोजनको लागि संभाभित क्षेत्रका घाटहरुको ठेक्का प्रकिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

४. माथागढी गाउँपालिकाको आ.व. २०८२/०८३ मा विनियोजित राष्ट्रिय रोगजार कार्यक्रमको रकम श्रमिकको ज्यालामा खर्च गर्ने र सो को देहायका वडामा देहाय बमोजिम श्रमिकहरुलाई समावेस सर्वसम्मतिले निर्णय गरियो।

| वडा नं | श्रमिक संख्या |
|---|---|
| १ | ६ |
| २ | ६ |
| ३ | ६ |

| | |
|---|---|
| ४ | ६ |
| ५ | ११ |
| ६ | ७ |
| ७ | ७ |
| ८ | ८ |
| जम्मा | ५७ जना |

५. गाउँ शिक्षा समितिको २०८२/०९/०७ गते बिहान बसेको बैठकको निर्णयहरु बैठकमा वाचन गरी उक्त सबै निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

६. प्राविधिक शिक्षा तथा व्यावसाहिक तालिक परिषद (CTEVT) अन्तर्गतको संस्था कोरिया नेपाल बहुप्राविधिक शिक्षालय बुटवलको प्राविधिक सहयोगमा २० जना व्यक्तिलाई पावर दिलर रिर्पयर माथागढी ३ मा संचालन गर्ने र पशिक्षार्थी सहभागीलाई खाना र बास खर्च युवा उद्यमशिलता कार्यक्रमबाट साझेदारी गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।

७. माथागढी गाउँपालिका वडा नं. ८ ताकातुङ्गमा सामुदायिक स्वास्थ्य इकाईको लागि माथागढी गाउँपालिका वडा नं.८ बस्ने टिकाराम थापाको भुहारी, सुख बहादुर थापाको श्रीमती कौशिला थापा मगरको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक बहादुरपूर ६ को पुर्वमा धारादेवि मन्दिर, पश्चिममा हेमा कुमारी ढेंगा थापाको खेतबारी, उत्तरमा पनि हेमा कुमारी ढेंगा थापाको खेतबारी र दक्षिणमा श्री धारदेवी मा.वि. यति चारकिल्ला भित्र रहेको कित्ता नं. ५१० बाट उत्तर पुर्व पट्टीबाट क्षेत्रफल ४०० वर्ग मिटर (०-१२-२-१) को जग्गा ताकातुङ्ग सामुदायिक स्वास्थ्य इकाई भवनको हकभोगमा रहने गरी नेपाल सरकार माथागढी गाउँपालिकाको नाममा दिने निवेदन साथ मञ्जुरी समेत भएको हुँदा निजको मञ्जुरी स्वीकार गरी ताकातुङ्ग सामुदायिक स्वास्थ्य इकाई भवनको हकभोगमा रहने गरी (नेपाल सरकार) माथागढी गाउँपालिकाको नाममा उक्त जग्गाको रजिष्ट्रेशन पास लिनको लागि प्रचलित जग्गा प्राप्तिको कानुन बमोजिम आवश्यक प्रकृयाको लागि जिल्ला प्रशासन कार्यालय पाल्पामा अनुरोध गरी पठाउने सर्वसम्मतिले निर्णय गरियो।